

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २६ गते बिहीबार ❑ 11 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आर्थिक वृद्धिदर पाँच प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

विश्व बैंकले आर्थिक वर्ष २०२४/२५ मा नेपालको आर्थिक वृद्धिदर पाँच प्रतिशत रहने प्रक्षेपण गरेको छ।

विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' सार्वजनिक गर्दै गत वर्षको तुलनामा आगामी वर्ष नेपालको आर्थिक वृद्धिदर सकारात्मक रहने अनुमान गरेको हो । चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत रहने बैंकले जनाएको छ ।

औद्योगिक र सेवा क्षेत्रमा सुधार हुँदा आगामी वर्ष आर्थिक वृद्धिदर अहिलेको भन्दा केही बढ्न सक्ने प्रक्षेपण गरिएको हो । लचिलो मौद्रिक नीति र आयातमा लगाइएको प्रतिबन्ध फुकुवाका कारण पनि अहिलेको भन्दा सहज आर्थिक अवस्था हुने आकलन गरिएको हो ।

अहिले विश्व अर्थतन्त्रमा देखिएको शिथिलता सन् २०२४ मा पनि कायम रहने विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ ।

विशाल अर्थतन्त्र भएका मुलुकका केन्द्रीय बैंकले अवलम्बन गरेको कडा खालका मौद्रिक नीति, सहज अवस्थामा फर्किन नसकेको विश्व व्यापार र लगानीको अवस्थाका कारण आर्थिक वृद्धिदर न्यून देखिने प्रक्षेपण गरिएको हो । मुद्रास्फीति र महँगो ब्याजदरका कारण पनि यसवर्ष उपभोक्ता तथा मौद्रिक बजारलाई असर गर्ने ठानिएको छ। विश्वको अर्थतन्त्र सन् २०२४ मा दुई दशमलव चार प्रशितमा खुम्चिने अनुमान गरिएको छ । सन् २०२१ मा विश्व अर्थतन्त्र छ दशमलव दुई प्रतिशत रहेकोमा सन् २०२२ मा घटेर तीन प्रतिशत पुगेको थियो । सन् २०२३ मा दुई दशमलव चार प्रतिशतको विश्व आर्थिक वृद्धिदर अनुमान गरिएकामा आगामी वर्ष दुई दशमलव चार प्रतिशतमा झर्ने अनुमान गरिएको छ ।

## पोखरामा बढाइएको राजश्व घटाउन काँग्रेसको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

नेपाली काँग्रेसले पोखरा महानगरपालिकाभित्र बढाइएको राजश्व घटाउन माग गरेको छ ।

नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल र पोखरा महानगर सभापति सुरेन्द्रमान बिजुक्छेले बुधबार संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरी त्यस्तो माग गर्नुभएको हो ।

पोखरा महानगरपालिका पोखरेली जनताको अविभावकिय संस्था भएकोले यसले पोखरेली जनताको हितमा काम गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराइएको छ ।

आ.व.२०८०/०८१ का लागि बढाईएको राजस्व वृद्धि जनताको हित अनुकुल नभएकाले राजस्व वृद्धिमा पुर्नविचार गर्न आवश्यक देखिएको छ, विज्ञप्तिमा भनिएको छ । नेपाली काँग्रेस, कास्की र नेपाली काँग्रेस पोखरा महानगर समितिको तर्फवाट २०८० साउन २८ मा संयुक्त प्रेस विज्ञप्ति मार्फत अनुरोध गर्दा समेत पोखरा महानगर पालिकाले आजसम्म पनि आवश्यक निर्णय नगरेको भन्दै पुनः ध्यानाकर्षण गराउनु परेको उल्लेख छ। पोखरा महानगरपालिकाको आगामी कार्यपालिको बैंठक तथा नगर सभामा यस सम्वन्धमा गम्भीर अध्ययन, छलफल र वहश गरी अनावश्यक रुपमा विभिन्न शिर्षकमा वृद्धि गरिएको राजस्व घटाएर जनताको पक्षमा निर्णय गर्न अनुरोध गरिएको छ ।

पार्टीको अनुरोधलाई वेवास्ता गरिएमा नेपाली काँग्रेस जनताको पक्षमा जस्तो सुकै दवावमूलक कार्यक्रम संचालन गर्न तयार रहेको स्पष्ट पारिएको छ ।

## क्रिकेटर लामिछानेलाई आठ वर्ष जेल सजाय

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस



जिल्ला अदालत काठमाडौँले बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँचलाख भराउने फैसला सुनाएको छ।

न्यायाधीश शिशिरराज ढकालको इजलासले बुधबार उक्त सजाय सुनाएको हो । यही पुस १३ गते 'गौशाला २६' लाई बलात्कार गरेको अभियोगमा लामिछानेलाई अदालतले दोषी ठहर गरेको थियो । अदालतले लामिछानेलाई आठ वर्ष कैद तीन लाख जरिवाना र दुईलाख क्षतिपूर्ति निर्धारण गरेको छ । लामिछानेविरुद्ध गत भदौ २१ गते २०७९ बालिका बलात्कारको उजुरी परेपछि गत असोज २० गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको थियो । फैसलाबारे पन्थीले पत्रकारहरुसँग भने, 'परिवर्तित नाम गौशाला २६ (६) (१) ०७९/०८० को उमेर, प्रतिवादी सन्दीप लामिछानेको उमेर, घटना हुँदाको अवस्था प्रतिवादीको सामाजिक हैसियत, पीडितलाई परेको मानसिक असर समेतलाई विचार गर्दा प्रतिवादी सन्दीप लामिछानेलाई मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (ङ) बमोजिम ८ वर्ष कैद, दफा २१९ (३) (क) (ग) बमोजिम तीन लाख जरिवाना हुने तथा पीडितलाई पुग्न गएको मानसिक असर समेतलाई विचार गरी दफा २२८ बमोजिम प्रतिवादीलाई भएको जरिवाना ३ लाख र थप २ लाख रकम क्षतिपूर्ति बापत प्रतिवादी सन्दीप लामिछानेबाट पीडित गौशाला २६ (६) (१) ०७९/०८० लाई भराइदिने ठहर भएको छ।'

पन्थीका अनुसार जरिवाना बापतको ३ लाख रुपैयाँ समेत पीडितले नै पाउने भनी आदेश भएको हो । १३ पुसमा जिल्ला अदालत काठमाडौंले क्रिकेटर सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो । तीन वर्षभन्दा भन्दा बढी कैद सजाय हुने कसुरमा सजाय निर्धारणका लागि छुट्टै इजलास बस्नुपर्ने कानुनी व्यवस्था अनुसार बुधबारको मिति तोकिएको थियो । उनले गौशाला २६ घटनाका बेलामा बालिग भइसकेको ठहर गरेका छन् । सजाय निर्धारण भएपछि जिल्ला अदालतले अब फैसलाको पूर्णपाठ तयार गर्नेछ । मुद्दाका पक्षहरुले पूर्णपाठ बुझेपछि चित्त नबुझे उच्च अदालत पाटनमा पुनरावेदन दिन पाउँछन् । यो मुद्दामा दुवै पक्ष पुनरावेदनमा जाने निश्चित भएको छ । सरकारी वकिल पक्षले पीडित बालिग ठहर गरेकामा चित्त नबुझाएकाले पुनरावेदन जाने निश्चित छ । क्रिकेटर लामिछानेले आफूलाई दोषी ठहर गरेकामा चित्त बुझाएका छैनन् । ५ भदौ, २०७५ मा बन्द प्रशिक्षणमा रहेका बेला क्रिकेटर सन्दीप लामिछाने ताहाचलस्थित हायात प्यालेस होटलबाट निस्केर पीडित (गौशाला २६) लाई भेटेका थिए । सन्दीपले पीडितलाई नगरकोट घुमाएर फर्किएपछि सिनामंगलस्थित एक होटलमा बास बसेको र त्यस क्रममा बलात्कार गरेको भन्दै पीडित गौशाला २६ ले जाहेरी दिएकी थिइन् । उजुरी परेका बेला केन्यामा रहेका उनी आफू विरुद्ध प्रहरीले इन्टरपोलमा डिफ्युजन नोटिस जारी गरेपछि नेपाल फर्किएका थिए। केन्यामा रहेका उनी आफू विरुद्ध प्रहरीले इन्टरपोलमा डिफ्युजन नोटिस जारी गरेपछि नेपाल फर्किएका थिए । जिल्ला अदालतको आदेशपछि पुर्पक्षका लागि थुनामा पठाइएका लामिछानेलाई गतवर्ष पुसमा उच्च अदालत पाटनले २० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो । उच्च अदालतले विदेश जान रोक लगाएकामा सर्वोच्च अदालतले भने उनलाई विदेश जान पाउने आदेश दिएको थियो ।

## नेपालको अहित हुने सम्झौता भएको छैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २५ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालको अहित हुने गरी भारतसँग कुनै पनि सम्झौता नभएको स्पष्ट गर्नुभएको छ।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानवअधिकार समितिको आजको बैठकमा भारतीय विदेशमन्त्री एस जयशङ्करको यही पुस १९ गते भएको भ्रमणका क्रममा नेपाल र भारतबीच भएका सम्झौताबारे जानकारी दिँदै उहाँले नेपालको प्रणाली तथा संयन्त्रभन्दा बाहिरबाट खर्च हुने गरी कुनै सम्झौता नभएको बताउनुभयो । बैठकमा प्रधानमन्त्री दाहालले भारतसँग भएको 'हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रजेक्ट'सम्बन्धी सम्झौताबारे जानकारी दिँदै उक्त सम्झौता यसअघिको सम्झौताको निरन्तरता भएको र त्यसलाई थप व्यवस्थित तथा परिस्कृत बनाइएको बताउनुभयो । "भारतसँग हाल भएको सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन जसले भारतीय पक्षलाई एकपक्षीय रूपमा आयोजना छनौट र कार्यान्वयन गर्न सुविधा दिन्छ । आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र आवधिक समीक्षासमेत नेपाल सरकारको संयन्त्रबाट हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

बैठकमा समिति सदस्य महेशकुमार बर्तौला, प्रतीक्षा तिवारी, सोविता गौतम, ध्रुवबहादुर प्रधानलगायत सांसदले उक्त सम्झौताबारे स्पष्ट गर्न माग गर्नुभएको थियो । सांसद बर्तौलाले उक्त सम्झौताको लिखित दस्तावेज संसद् र समितिलाई उपलब्ध गराउनुपर्ने माग गरेपछि प्रधानमन्त्री दाहालले त्यसको जवाफ दिँदै सम्झौतामा लुकाउनुपर्ने कुनै विषय नरहेका स्पष्ट गर्नुभयो । भारतीय विदेशमन्त्रीको भ्रमणका क्रममा दुई देशबीच भएका दीर्घकालीन विद्युत् व्यापार सम्झौता, नानो स्याटेलाइट प्रक्षेपणसम्बन्धी सम्झौता र नवीकरणीय ऊर्जासम्बन्धी सम्झौताबारे पनि प्रधानमन्त्री दाहालले समितिलाई जानकारी गराउनुभएको थियो । यसअघि प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा भएको समझदारीअनुरूप नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट बराबर विद्युत् भारतमा निर्यात गर्ने गरी सम्झौता भएको र त्यसले दुई देशबीच विद्युत् व्यापारको ढोका खुलेको उहाँले बताउनुभयो । प्रधानमन्त्रीका अनुसार नेपालका विद्यार्थीले बनाएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## नगद तीन करोड ३५ लाखसहित रामबहादुर बम्जन सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले रामबहादुर बम्जन भन्ने रामलाल बम्जनलाई बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । हिजो साँझ पक्राउ परेका बाराको निजगढस्थित रतनपुरी स्थायी घर भएका ३४ वर्षीय बम्जनलाई सिआईबीले आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो ।

पत्रकार सम्मेलनमा सिआईबी प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले चार तला माथिबाट हाम्फालेर भाग्न खोजेका बेला बम्जनलाई काठमाडौँको बूढानीलकण्ठस्थित आफ्नै घरबाट हिजो साँझ पक्राउ गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार निजको साथबाट तीस लाख ९२ हजार नेपाली रुपैयाँ बराबरका विभिन्न १७ देशका मुद्राका साथै रु तीन करोड तीन लाख ७५ हजार बरामद गरिएको छ । निजविरुद्ध यौन सन्तुष्टी प्राप्त गर्ने तथा बालयौन शोषण तथा व्यक्ति बेपत्ता गरेको आरोपमा जाहेरी दर्ता भएको थियो । विसं २०७१ साउनदेखि बाराको हलखोरियामा रामबहादुर बम्जनको आश्रममा आनीको रूपमा रहेकी २२ वर्षीया महिलाको जाहेरीका आधारमा सर्लाही जिल्ला अदालतबाट विसं २०७६ माघ २३ गते प्रहरीलाई पक्राउ अनुमति प्राप्त भएको थियो । साथै अवैधरूपमा विदेशी तथा नेपाली मुद्रा सञ्चित गरी राखेको छन् भन्ने सूचनाका आधारमा बम्जनको खोजतलास गरी पक्राउ गर्न अनुमति प्राप्त भएको सिआईबीले जानकारी दिएको छ । लामो समयको खोजतलासपछि काठमाडौँको बूढानीलकण्ठ नगरपालिका-६ रहेको आफ्नै घरमा लुकिछिपी बस्दै आएका बम्जनलाई हिजो साँझ पक्राउ गरिएको थियो । "पक्राउ गर्ने क्रममा घरको चौथो तलामा रहेको दक्षिणतर्फ झ्यालबाट खाली रहेको भिरालो जमिनमा हाम्फालेर भाग्न लागेका बेला ब्यूरोको टोलीले निजलाई पक्राउ गरेको हो", सिआईबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकरीले भन्नुभयो । निजको साथबाट १४ थान मोबाइल, चार थान ल्यापटप र ट्याब, बीस वटा पेन ड्राइभ, रेकर्डर, मेमोरी कार्डलगायतका विद्युतीय सामग्री बरामद गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । बम्जनको आश्रमबाट बेपत्ता भएका व्यक्तिहरूको हकमा भने अनुसन्धान जारी रहेको सिआइबीले जनाएको छ ।

# वडा १५ मा बृहत खेलकुद महोत्सवको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

पोखरा महानगरपालिका वडा नम्बर १५ को आयोजनामा माघको पहिलो साता वडा १५ स्तरिय दोश्रो बृहत खेलकुद महोत्सव हुने भएको छ।

माघको २ देखि ४ गते सम्म बन विज्ञान अध्यायन संस्थान भित्रको मैदानमा हुने महोत्सवको पूर्वाद्धमा वडाले बुधबार वडावासीसंग छलफल गरेको छ । सो अवसरमा वडाध्यक्ष तोरण बानियाँले आगामी प्रतियोगितालाई सफल पार्न वडावासीलाई आग्रह गरे ।

आपसी भाइचारा विकास र वडावासीविचको सम्बन्धमा सुमधुरता ल्याउन वडाले यो महोत्सव आयोजना गरेको उनले बताए । प्रतियोगितामा सहभागिता जनाउन वडा १५ को बासिन्दा हुनुपर्ने, तथा अन्यत्रबाट आएको भए बसाई सराईको कागजात



हुनुपर्ने बानियाँले सो अवसरमा जानकारी दिए।

महोत्सवमा पुरुष, महिला, विद्यालय तथा अपाङ्गता भएका व्यक्तिहरुविच फरक फरक इभेण्टहरुमा प्रतिस्पर्धा हुने खेलकुद कार्यक्रमका संयोजक वडा सदस्य आशिष भण्डारीले जनाए। पुरुष स्तरिय टोल तथा क्लहरुविच फुटबल, भलिबल, ५० वर्ष माथिकाहरुको सडक दौड, डबल्स ब्याडमिण्टन हुने छ । त्यसैगरि महिलाहरुविच भलिबल, रस्साकसी, ४० वर्ष माथिकाहरुको सडक दौड, डबल ब्याटमिण्टन लगायतमा प्रतिस्पर्धा हुनेछ।

विद्यालय स्तरिय फुटबल तथा अपाङ्गता भएका व्यक्तिहरुविच बास्केट बल प्रतियोगिता हुने संयोजक भण्डारीले बताए । प्रतियोगिताका विभिन्न इभेण्टमा जित हाँसिल गर्ने टिमहरुले नगद सहित शिल्ड मेडल प्रमाण-पत्र पुरस्कार प्राप्त गर्नेछन् ।

# दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कपको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप-२०८०,गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको आयोजकले जनाएको छ।

"स्वास्थ्यको लागि खेलकुद,राष्ट्रको लागि खेलकुद" भन्ने मुल नाराका साथ माछापुच्छ्रे गाउँपालिकाको आर्थिक सहयोगमा खेलकुद विकास समिति माछापुच्छ्रे को आयोजना साथै ३ न. वडा कार्यालय घाचोकको व्यवस्थापन र भलिबल सघ माछापुच्छ्रेको समन्वयमा माछापुच्छ्रे-३, घाचोक मेधराज मा.विको प्राङ्गणमा पौष २६ गते देखि २८ गते सम्म भलिबल प्रतियोगिता संचालन हुने छ । नेपालको राष्ट्रिय खेल प्रवर्द्धन गर्दै युवाहरुलाई खेलप्रति आकर्षित गर्न र खेलकुदको माध्यमबाट गाउँपालिकालाई



चिनाउने उदेश्यले प्रतियोगिता आयोजना गरिएको गाउँपालिका अध्यक्ष मिन.व गुरुङले बताउनु भयो। खेलकुदलाई प्राथमिकतामा राखेर गाउँपालिकाले ९ लाख विनियोजन गरेको उपाध्यक्ष सिता अधिकारीले उल्लेख गर्नुभयो । गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा गण्डकी प्रदेशका ११ वटा जिल्लाका विभिन्न पालिकाहरुबाट १५ समुहले टिम दर्ता गरेको माछापुच्छ्रे भलिबल सघंका अध्यक्ष राम पुनले बताउनु भयो । प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको सहभागिता रहने थप उल्लेख गर्नुभयो । साथै खेल ए र वि गरि २ वटा कोर्टमा खेलाइने छ। विहिवारको पहिलो खेल विहान ८:०० बजे माछापुच्छ्रे गा.पा रातो र रुपा गा.पा कास्की विच हने खेल उप-संयोजक जापान गुरुङले बताउनु भयो । विहिवार प्रतियोगिताको उद्धघाटन गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मन्त्री , माननीय श्री सुशिला सिंखडाले गर्ने कार्यक्रम तय भएको माछापुच्छ्रे खेलकुद विकास समिति सचिव होम प्रसाद गुरुङले बताउनु भयो।

प्रथम हुने टिमले नगद ३ लाख र दोस्रो हुने टिमले नगद रु २ लाख साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्ने वडा न.३ का अध्यक्ष हरिसचन्द्र लम्सालले जानकारी दिनुभयो । त्यस्तै सेमिफाइनल प्रबेश गरेका २ टिम लाई जनही रु ५०/५० हजार रुपैयाँका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार साथै विभिन्न विधागत तर्फ स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर र प्रशिक्षकलाई जनही रु ५ हजारका दरले पुरस्कार प्रदान गरिने छ । प्रतियोगिता सञ्चालनका लागि १२ लाख ८३ हजार लाग्ने आयोजकको अनुमान छ।

# पोखरामा उपभोक्ता हित संरक्षणबारे चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका संस्थापक अध्यक्ष संजिवबहादुर कोइरालाले केही ठूला व्यवसायीहरु नै नीतिगत भ्रष्टाचारमा संलग्न हुने गरेको बताएका छन् । यो प्रवृत्तिबाट नेपाल उद्योग वाणिज्य महासंघकै नेताहरु पनि अछुतो नरहेको पनि उनले स्वीकारे ।

'अपराध गर्नेहरु नै ठूला व्यवसायी छन्,गुरु नै व्यापारीका नेताहरु हुन्,' नेपाल सरकारको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बुधबार गण्डकी प्रदेशका उद्योग वाणिज्य संघका पदाधिकारीहरुसँग राखेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले भने,'हुन त हाम्रा कानून पनि त्यस्तै छन् ।' कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका कोइरालाले विद्युतीय गाडी आयातको क्रममा कानूनी छिद्र प्रयोग गरी कर छली गरिएको आशंका पनि व्यक्त गरे । सरकारले शून्यदेखि सय किलोवाटसम्मका सवारी साधनका लागि अर्थात भन्सार शून्य र अन्तशुल्क १५ प्रतिशत कायम गरेको छ भने १०० किलोवाटदेखि २०० किलोवाटसम्मका सवारीमा ३० प्रतिशत अन्तःशुल्क कायम



गरेको छ । १०० देखि २०० किलोवाटसम्मका सवारीमा सरकारले भन्सार शुल्क पनि ३० प्रतिशत नै लगाएको छ । उनले संसदले व्यवसायी तथा उपभोक्तासँग जोडिएका कानून नबनाउँदा पनि समस्या भएको बताए ।

गएको संसदले निजी क्षेत्रसँग सम्बन्धित एउटा पनि कानून पारित नगरेको दृष्टान्त पेश गर्दै उनले भने,'कति विधेयक पेश भए, कति कानून बने भन्ने प्रष्ट छ । हामीले माननीयज्यूहरुलाई कानून बनाउन पठाएका हौं,उहाँहरु निजी क्षेत्रका समस्याप्रति गम्भीर हुनुहुन्न ।' व्यवसायीले आन्तरिक राजश्व कार्यालयमा शून्य कारोबार पेश गर्नु भनेको व्यवसाय नभएको प्रमाण भएको तर्क गर्दै त्यस्तोमा किन लेखा परीक्षण चाहियो भन्ने प्रश्न पनि गरे । कार्यक्रममा बोल्दै वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक रामप्रसाद पौडेलले निजी क्षेत्रले उठाएका समस्याहरुको समाधान खोजिने प्रतिवद्धता व्यक्त गरे । उपभोक्ता हितसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका उनले उपभोक्ता अधिकार रक्षामा सचेत रहन व्यवसायीसँग आग्रह पनि गरे । अन्तरर्क्रिया कार्यक्रममा विभागका अधिकृतहरु नारायण भट्टराई तथा राजनकुमार भट्टराईले वाणिज्य एवं आपूर्ति क्षेत्रसँग सम्बन्धित विभिन्न प्रावधानबारे प्रस्तुति दिएका थिए ।

कार्यक्रममा नेपाल उद्योग वीणज्य महासंघ गण्डकीका उपाध्यक्ष सूर्यबहादुर भुजेलसहित महिला उद्यमीहरु, विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारी,कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो ।

# नेपालको...

नानो स्याटेलाइट भारतको न्यू स्पेस इन्डिया लिमिटेडले आफ्नै खर्चमा प्रक्षेपण गरिदिने गरी सम्झौता भएको, नेपाल विद्युत् प्राधिकरण र भारतको एनटिपीसी कम्पीसँग एकापसमा क्षमता विकासका कार्य गर्ने र तालिमलगायत कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएको तथा केही दिनभित्र पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुङ्गाएर काम अघि बढाउने तयारी भइरहेको छ । सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनाबारे प्रधानमन्त्री दाहालले समितिसमक्ष लिखित मन्तव्य प्रस्तुत गर्दै भन्नुभयो : सन् २००३ नोभेम्बर ७ मा साना विकास आयोजनाका नाममा नेपालभित्र रु तीन करोडसम्मको लागत भएका आयोजनामा भारतको सहयोग रहने गरी पहिलोपटक सम्झौता भएको थियो । यस्ता आयोजना नेपालका स्थानीय निकाय वा गैरसरकारी संस्था (एनजीओ) ले सञ्चालन गर्ने गरेका थिए । यस्ता आयोजनाका लागि स्थानीय निकाय वा एनजीओले सोझै भारतीय राजदूतावासमा माग गर्ने र दूतावासँग स्थानीय निकाय वा एनजीओले सम्झौता (एमओयु) गर्दै आएका थिए । एमओयुको एकप्रति अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र आयोजनासँग सम्बन्धित मन्त्रालयमा पठाउने गरिएको थियो । उक्त सम्झौतालाई सन् २००६ जुन २९ मा नवीकरण गरिएको थियो ।

# गण्डकी प्रदेश पौडी संघको अध्यक्षमा आनन्द कुँवर

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

गण्डकी प्रदेश पौडी संघ तदर्थ समितिको अध्यक्षमा आनन्द कुंवर सर्वसम्मत चयन भएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीको आह्वानमा बुधबार पोखरामा सम्पन्न भेलाले अध्यक्षमा कुंवरसहित १३ सदस्यिय कार्यसमिति सर्वसम्मत चयन गरेको हो । नवनिर्वाचित अध्यक्ष कुंवर प्रशिक्षक समेत् हुन् । यसै गरी समितिको उपाध्यक्षमा कृष्णभक्त आचार्य, सचिवमा अनिल थापा, कोषाध्यक्षमा बबिता केसी कार्की चयन भए । यसै गरी कार्यसमिति सदस्यमा जिवन रेग्मी, सूर्य बहादुर सिग्देल, विष्णु प्रसाद पाहारी, अर्जुन नेपाली, अमृत खड्का, रुवी तामाङ, महेन्द्र



भुजेल, धर्मेन्द गिरी र राजेन्द्र अधिकारी रहेका छन् । भेलालाई सम्वोधन गर्दै परिषदका सदस्य सचिव श्रीधर शर्माले गण्डकी प्रदेशको पौडी खेलको विकास र खेलाडी उत्पादनमा नवगठित कार्यसमिति सफल हुनेमा आफू विश्वस्त रहेको बताए । उनले प्रदेशका सबै जिल्लाहरुलाई जोडेर पूर्वाद्धार निर्माणका विषयमा समेत सरोकारवालाहरु संग सहकार्य गर्दै अघि बढ्न आग्रह गर्दै त्यसका लागि परिषद सहयोग गर्न तयार रहेको बताए ।

नवनिर्वाचित अध्यक्ष कुंवरले सबैको साथ, सहयोग र सहकार्यमा नै संघले आफ्ना योजनाहरु तय गर्ने जनाउँदै प्रदेशको पौडी खेल विकासमा आफ्नो योगदान रहि रहने बताए ।

# भिमाद दुर्घटनामा घाइते एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ पुस

तनहुँको भिमाद नगरपालिका-५ सुनाकोटस्थित बारलथुम्कीको घुम्टीमा भएको जिप दुर्घटनामा एकजनाको मृत्यु भएको छ।


पोखराबाट पाल्पाको रामपुर जा'दै गरेको यात्रुवाहक जिप मंगलबार दुर्घटना हुँदा घाइते एकको मृत्यु भएको हो । घाइतेको जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो । मृतकको पहिचान खुल्न बाँकी छ । ग१ज ६३५६ नंको जिप घुम्ती सडकबाट करिब डेढ सय मिटर तल खसेको थियो । जिपमा सवार चालकसहित १२ जनाको उद्धार गरेर जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा ल्याइएको हो । थप उपचारका लागि तीनजनालाई पोखरा पठाइएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# गाँजा खेतीलाई बैधता देऊ

प्रहरीले गाँजा भेट्ने बित्तिकै मुद्दा चलाउने अवस्था अब हट्दैछ । औषधीको रुपमा समेत प्रयोग गर्न नपाइने गाँजा अब खेती गर्न पाउनुपर्ने आवाज संसदमा उठेको छ।अघिल्लो प्रतिनिधि सभामा सांसद शेर बहादुर तामाङ, बिरोध खतिवडा लगायतका सांसदहरुले आवाज मात्र उठाएनन् कानुन बनाउन माग गरे।बाग्मती प्रदेशमा केशब स्थापितले गाँजा खेती गरेर देशले पैसा कमाउन सक्छ भनेर अभियान चलाए । जनताले गाँजा खेती गर्ने प्रहरी फाँड्दै हिड्ने चलन कायमै छ हिजो कुरै सुन्न नचाहनेहरु अहिले वहस गर्ने अवस्थामा आएका छन।यो समयले ल्याएको परिवर्तन हो । गाँजा फाँड्दै हिड्ने सरकार कानुन बनाएर खेती गर्नुपर्छ भन्ने ठाउँमा आइपुगु बल्ल धरातलीय यथार्थ बोध हुनु हो । गण्डकी प्रदेश सरकारले गाँजा खेती गर्नका लागि कानुनको मस्यौदा निर्माण गरेको छ । गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न विधेयकको मस्यौदा बनाएको छ।

सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा गाँजा खेती र घरेलु मदिराको उत्पादन तथा ब्राण्डिङ गर्ने घोषणा गरेको थियो । सोही आधारमा गाँजा खेतीलाई खुला गर्न लागिएको हो । यद्यपि मस्यौदा मन्त्रिपरिषद्बाट पास भइसकेको छैन । क्याबिनेटबाट पास भएपछि संसदमा पेस हुनेछ । संसद्ले पनि पास गरेपछि कार्यान्वयनमा जाने छ। औषधि निर्माण, अनुसन्धान तथा औद्योगिक प्रयोजनका लागि गाँजा उत्पादन, बिक्री वितरण, प्रशोधन, भण्डारण र ओसारपसारका लागि कानुन निर्माण गर्न लागिएको मुख्य न्यायाधीवक्ताले जानकारी दिएका छन । मुख्यन्यायाधिवक्ताको कार्यालयले मस्यौदा तयार गरेर मुख्यमन्त्री कार्यालयमा पेस गरिसकेको छ।

प्रस्तावित मस्यौदामा अनुमति विना गाँजा खेती गर्न वा ओसारपसार गर्न र बिक्री वितरण गर्न बन्देज लगाइएको छ । तर एक परिवारले घरेलु प्रयोजनका लागि बढीमा १५ बोटसम्म गाँजाको बोट उमार्न र संरक्षण गर्न अनुमति लिनुपर्दैन । कपडा उत्पादन वा अन्य औद्योगिक प्रयोजनका लागि पनि हाँगा, रेसा, दाना, निसार, मह, तेल, पिनाको उत्पादन वा बिक्री गर्ने अनुमति लिन नपर्ने व्यवस्था छ । गाँजा खेतीका लागि प्रदेश सरकारबाट अनुमति लिनुपर्छ । किसानले आफ्नो घर वा परिवारको जग्गाधनी दर्ता स्रेस्ता अनुसारको अधिकतम क्षेत्रफल तोकेर माग्नुपर्छ । कुनै सरकारी वा सार्वजनिक जग्गालाई भाडामा लगाएर कुनै किसान वा समूहलाई गाँजा खेती गर्न अनुमति प्रदान गर्न सक्ने । प्रदेश सरकारले बोर्ड गठन गर्ने कल्पना गरिएको छ। बोर्ड गठन नभएको अवस्थामा जिल्लाको कृषि ज्ञान केन्द्रले अनुमति दिनेछ ।

मस्यौदामा १८ वर्षभन्दा कम उमेरका व्यक्तिको संलग्नतामा गाँजा खेती गर्न नपाइने उल्लेख छ । जथाभाबी प्रयोग हुन सक्ने अवस्था भएमा अध्ययन गरेर अनुमति नदिने व्यवस्था राखिएको छ । गाँजा उत्पादन र बिक्रीका लागि प्रदेशले अनुमति दिनेछ । अनुमति पत्रको अवधि ५ वर्षको हुनेछ भने प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ । किसानले उत्पादन गरेको गाँजा लेवलिङ,यपिङ र प्याकिङ गरेर मात्रै बेच्न पाइन्छ । उत्पादित गाँजा बोर्ड वा बोर्डले तोकिदिएको निकाय, कार्यालय वा औषधि उत्पादन गर्ने निकाय, कम्पनी वा उद्योगमा मात्रै बेच्नुपर्ने छ । भाङको दाना, तेल, मह, रेसा, रेशाबाट उत्पादित कपडा, डाँठ वा डाँठबाट उत्पादन भएको जुनसुकै बस्तु जोसुकैलाई बेच्न मिल्ने उल्लेख छ । खरिदकर्ताको नाम, थर, ठेगाना र गाँजाको प्रयोजन खुलाएर १८ वर्ष उमेर पुगेका व्यक्तिलाई सामान्य परिमाणमा बिक्री वितरण गर्न बाधा पर्ने छैन । नागरिकता लिएर मात्रै बेच्ने व्यवस्था प्रस्तावित कानुनमा छ। किसानले उत्पादित गाँजा भित्र्याउनुअघि बोर्डलाई जानकारी गराउनुपर्छ । किसानले जीवन निर्वाहका लागि गरिने खेती र व्यावसायिक प्रयोजनका लागि गरिने खेतीका बारेमा सरोकारवाला र नियामक निकायका बारेमा थप छलफल हुनु आवश्यक छ।

# फेदीखोला समाजका सदस्यलाई जिएमसीमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

शिक्षा र स्वास्थ्यलाई अग्रस्थानमा राखी सामाजिक कार्यमा सक्रिय वृहत फेदीखोला पोखरा सम्पर्क समाजले बुधबाट गण्डकी मेडिकल कलेजसँग स्वास्थ्य परिक्षणमा छुट सम्बन्धि सम्झौता गरेको छ ।



सम्पर्क समाज र गण्डकी मेडिकल कलेज पोखरा संग स्वास्थ्य परिक्षणमा छुट सम्झौता संस्थाका कोषाध्यक्ष जीत बहादुर क्षेत्री (राजकुमार) को संयोजकत्वमा संस्थाका अध्यक्ष जगदिश लामिछाने, सचिव मीन प्रसाद सुवेदी र सदस्य सुर्य पौडेलको उपस्थिती सहित अस्पतालका सिइओ प्रध्यापक डाक्टर रविन्द्र प्रसाद श्रेष्ठ लगायत कृष्ण पौडेल र डाक्टर टुकमाया घलेको उपस्थिति रहेको थियो । सो अनुसार दर्तामा २० प्रतिशत, बहिरंग सेवाको वेड चार्जमा १० प्रतिशत, दन्त सेवामा सामाग्री बाहेकमा १५ प्रतिशत दिने भएको समाजका अध्यक्ष जगदिश लामिछानेले बताए ।

समाजले यस अगाडि आफ्नो आजिवन सदस्यहरुको लागि मणिपाल अस्पताल र युआरएलमा छुटसम्बन्धी सम्झौता गरिसकेको कार्यक्रम संयोजक जितबहादुर क्षेत्री (राजकुमार)ले बताए ।

# सफल पोखरा म्याराथन पब्लिक फोरके टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

नेपाल भूतपूर्व खेलाडी मञ्चले गर्दै आएको पोखरा अन्तर्राष्ट्रिय सफल म्याराथन प्रतियोगिता प्रत्यक्ष प्रसारण गर्ने गरी मञ्च र पब्लिक फोरके टेलिभिजनबीच बुधबार सम्झौता भएको छ ।

सम्झौता पत्रमा भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली र पब्लिक फोरके टेलिभिजनका तर्फबाट प्रवन्ध निर्देशक मन क्षेत्रीले संयुक्त हस्ताक्षर गरे । सम्झौतामा हस्ताक्षर गर्दै मञ्चका अध्यक्ष पराजुलीले पब्लिक टेलिभिजनसँग मञ्च जोडिन पाउँदा खुसी लागेको बताए। 'यो म्याराथन गतवर्ष पनि यहाँहरुले गर्नुभो, राम्रो गर्नुभो । यो वर्ष पनि अझ व्यवस्थित र अझ राम्रो गर्नुहुनेछ भन्ने विश्वासका साथ यहाँहरुसँग जोडिएका छौं,' पराजुलीले भने, 'मञ्च तपाईहरुसँग जोडिन पाउँदा खुसी व्यक्त गर्दछौं ।' सम्झौता हस्ताक्षर कार्यक्रममा मञ्चका संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटले १८ औं संस्करणको म्याराथनका लागि खेलाडी आह्वानको प्रचारप्रसार सामग्री सार्वजनिक गरेका थिए । कार्यक्रममा पब्लिक फोरके टेलिभिजनका प्रवन्ध निर्देशक मन क्षेत्रीले प्रविधिको प्रयोगसँगै पोखरा र यस वरिपरि हुने खेल गतिविधिलाई विश्वमाझ पुऱ्याउन आफूहरु तत्पर रहेको बताए । उनले अघिल्लो संस्करणभन्दा अझ परिष्कृत ढंगबाट प्रत्यक्ष प्रसारण गर्ने योजना रहेको सुनाए ।

'गतवर्ष पनि हामीले नै प्रत्यक्ष प्रसारण गरेका थियौं । अहिले पनि अझ व्यवस्थित, परिस्कृत रुपमा प्रत्यक्ष प्रसारण गर्ने विश्वास दिलाउन चाहन्छौं,' क्षेत्रीले भने, 'पोखरासहित यस वरपर हुने ठूला र महत्वपूर्ण खेल गतिविधिहरुलाई सम्भव भएसम्म सँगै जोडिएर संसारभर पुऱ्याउने हाम्रो मुख्य लक्ष्य हो ।'

उनले म्याराथनको सिलसिलामा भूतपूर्व खेलाडी मञ्चले आयोजना गर्ने अन्तर ष्ट्रिय मान्यता प्राप्त इभेन्ट पनि प्रत्यक्ष प्रसारण गर्न पाउँदा एकदमै खुसी लागेको बताए । पब्लिक फोरके टेलिभिजनले प्रदेशका प्रतिष्ठित भलिबल, फुटबल प्रतियोगिता पनि प्रत्यक्ष प्रसारण गर्दै आएको छ ।

# बाह्रौं संस्करणको पोखरा महोत्सवको पूर्व सन्ध्यामा कार र्‍याली

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

बाह्रौं संस्करणको पोखरा महोत्सवको पूर्व सन्ध्यामा कार र्‍याली सम्पन्न भएको छ । यूनाइटेड क्लबको आयोजनामा बिहीबारदेखि माघको ८ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने बाह्रौं संस्करणको पोखरा महोत्सवको पूर्व सन्ध्यामा पोखरामा कार र्‍यालीको आयोजना गरेको हो ।



महोत्सव स्थल पोखराको अमरसिंह मैदानबाट सुरु भएको र्‍याली अमर सिंह चोक, हस्पिटलचोक, रानीपौवा, सितलादेवी, भद्रकाली, बाँफापाटन, मियापाटन, कदममार्ग, चाउथे चोक, मभेरीपाटन, काजीपोखरी, विरेन्द्रचोक, रामबजार, बुद्धचोक हुदै पुन अमरसिंह मैदानमा पुगी समापन भएको हो । र्‍यालीको उद्घाटन गर्दै वडा प्रहरी कार्यालय रामबजारका प्रमुख प्रहरी निरिक्षक बिनोद श्रेष्ठले पोखरा महोत्सव सामाजिक सेवाका लागि आयोजना गरिएको महोत्सव भएकाले महोत्सवको सुरक्षामा आफ्नो युनिटले सहकार्य आयोजक संग सहकार्य गरेर अगाडी वढ्ने बताए । र्‍यालीमा महोत्सव आयोजक यूनाइटेड क्लबका पदाधिकारीहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरु, महोत्सव आयोजक, महोत्सव सल्लाहकार लगायतको सहभागीता रहेको थियो ।

महोत्सवको बिहीबार दिनको १ बजे प्रतिनिधी सभाका सभामुख सम्माननीय देवराज घिमिरेले उद्घाटन गर्नेछन । महोत्सव पूर्व पोखरा रंगशालाबाट महोत्सव स्थल अमरसिंह मैदान सम्म झांकी र र्‍याली सहितको सहभागिता रहने छ ।

# पुल बनेपछि विकट गाउँ पालिकाको केन्द्रसँग जोडियो

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ पुस

बागलुङको ढोरपाटन नगरपालिका-६ को दोगाडीघाटमा मोटर गुड्ने पुल निर्माण भएपछि स्थानीयवासीलाई यात्रा गर्न सहज भएको छ । पुल निर्माण नहुँदा पालिकाको केन्द्र बुर्तिबाङ बजारसम्म सिधा यात्रा गर्न वञ्चित रहेका गाडीखोला क्षेत्रका नागरिकलाई पुल बनेपछि सहज भएको हो ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा विनियोजन गरेको रकमबाट पुल निर्माण भएको हो । पुल निर्माणका लागि विसं २०७७ असार १६ गते दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी पूर्वाधार विकास कार्यालय बागलुङले निर्माण कम्पनीसँग सम्झौता गरेको थियो । विसं २०७९ असार १० गते पहिलो पटक निर्धारित म्याद सकिएको थियो । म्याद थप भएकामा पनि काम नसकेपछि पुनः म्याद थप भएको थियो । निर्माण कम्पनीले विसं २०८० असार १० गतेसम्म सक्ने गरी म्याद थपे पनि गत मङ्सिरमा मात्रै निर्माण सम्पन्न भएको इन्जिनियर प्रकाश श्रीसले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्सिरमा पुल सम्पन्न भएपछि यही पुस पहिलो सातादेखि सञ्चालनमा आएको छ । पुल रू चार करोड ८२ लाखमा निर्माण भएको थियो । पुल सञ्चालनमा आएपछि ढोरपाटन-६ को ओखरेनी, गाडीखोला, कुदुम, चामीढ्वारलगायत ढोरपाटन क्षेत्रका हजारौँ नागरिकलाई यात्रा गर्न सहज भएको वडाध्यक्ष उमेश बुढा मगर बताउनुभयो । सडक खुलेको वर्षौं वितिसक्दा पनि स्थानीयवासीले सहज रूपमा यात्रा गर्न नपाएको भन्दै अब पहिलेको जस्तो समस्या भोग्न नपर्ने उहाँको भनाइ थियो । सडक पनि कच्ची हुँदा बर्खाको चार महिना जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको भन्दै बर्खाको समय गाउँमा कोही बिरामी परे अस्पताल पुऱ्याउन निकै समस्या भोगेको वडाध्यक्ष मगरले स्मरण गर्नुभयो । "यो पुल नबन्दा यस क्षेत्रका नागरिकलाई आवागमनमा सास्ती हुने गरेको थियो । पालिकाको केन्द्रसम्म पुग्न निकै गाह्रो हुन्थ्यो । हिउँदमा जसोतसो खोला तरे पनि बर्खामा बाढीको समस्या थियो", उहाँले भन्नुभयो, "अहिले पुल बनेसँगै गाउँगाउँमा मोटरबाटो पुगेको छ । यात्रा गर्न र सामान ढुवानीमा सहज हुन थालेको छ । वर्षौंदेखि भारी भोक्ने जनता अब गाडीमा चढेर गाउँ-बजार गर्छन् ।"

बजार बुर्तिबाङ पालिकाको केन्द्र हो । बजारदेखि गाउँमा पुग्न दुई वर्ष अगाडिसम्म दुई वटा पुल तर्नु पर्थ्यो । बुर्तिबाङको लक्ष्मीकुण्ड घाटमा पुल बनेपछि अहिले दोगाडीसम्म समस्या छैन । यसअघि दोगाडीसम्म गाडीमा पुगेपछि अर्को फेर्नुपर्ने समस्या थियो ।

# पाँच वर्षपछि पुनः बैधता पायो नेपाल रेडक्रसले

**रासस**
काठमाडौं, २५ पुस

लामो समयदेखि दर्ता नवीकरण हुन नसकेको नेपाल रेडक्रस सोसाइटी निर्वाचित कार्यसमितिको पहलमा नवीकरण भएको छ । यही पुस १८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट संस्था नवीकरणको प्रमाणपत्र प्राप्त भएको रेडक्रस सोसाइटीले जनाएको छ । यससँगै संस्थाले कानुनी वैधता प्राप्त गरेको छ। नेपाल रेडक्रस २०७६ सालदेखि नवीकरण हुन सकेको थिएन । आव २०८०/०८१ सम्मका लागि संस्था नवीकरण भएको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले जानकारी दिनुभयो । उहाँले संस्था नवीकरण भएसँगै रेडक्रस अभियानसँग सम्बद्ध सबैमा सकारात्मक भावनाको सञ्चार भई संस्थाले थप गतिशीलता प्राप्त गरेको बताउनुभयो ।

नेपाल रेडक्रसको यसअघिको कार्यसमितिमा विवाद हुँदा लामो समयदेखि संस्था प्रभावित बनेको थियो । विपद्का समयमा मानवीय सेवामा खट्नुपर्ने संस्थाको नेतृत्वमा असफदारी बढ्दा रेडक्रसले प्रभावकारी काम गर्न सकेको थिएन । स्थापनाकालदेखि वैधानिक दायित्व पूरा गर्दै अघि बढिरहेको नेपाल रेडक्रसको २०७६ चैतमा तय भएको विशेष महाधिवेशन हुन नसकेपछि संस्थाले कानुनी वैधता गुमाएको थियो । केन्द्रीय कार्यसमितिको निर्वाचन हुन नसकेको अवस्थामा नेपाल सरकारबाट पटक-पटक तदर्थ समिति गठन भए पनि उक्त समितिले अधिवेशन गर्न सकेको थिएन। रेडक्रसप्रेमीको साझा प्रयत्नबाट गत साउन २ र ३ गते सम्पन्न विशेष महाधिवेशनले प्रा डा सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा ३३ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो । लामो समयदेखि नवीकरण हुन नसकेको संस्था नवीकरण हुनुले वर्तमान कार्यसमितिको ठूलो उपलब्धिका रुपमा रहेको अध्यक्ष नेपाल बताउनुहुन्छ। यसबीचमा नेपाल रेडक्रसको अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग पनि सम्बन्ध प्रगाढ बन्दै आएको उहाँको भनाइ छ । "चार/पाँच वर्षदेखि बिग्रेको अन्तराष्ट्रिय सम्बन्ध निर्वाचित कार्यसमिति आएपछि धेरै सुधार हुँदै गएको छ", नेपाल रेडक्रसका अध्यक्ष नेपालले भन्नुभयो, "संस्थाका बारेमा केही अन्योलता देखिए प्रष्ट पार्दै जान्छौं ।" अहिले नेपाल रेडक्रसमा कुनै पनि विवाद नरहेको जिकिर गर्दै उहाँले संस्थाको विधान र राज्यका कानुनलाई शिरोधार्य गरेर अघि बढिने बताउनुभयो । नयाँ कार्यसमितिले अघिल्ला तीन वर्षको लेखा परीक्षण सम्पन्न तथा आव २०८०/०८१ सम्मको वार्षिक प्रतिवेदन तयार गरेको छ । यसबीचमा वार्षिक साधारणसभा सम्पन्न, आव २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र प्राप्त, गत मङ्सिर मसान्तसम्म समाज कल्याण परिषद्मा बुझाउनुपर्ने दायित्व भुक्तानी गरिएको रेडक्रसले जनाएको छ । नेपाल रेडक्रसको विधानलाई समावेशी बनाउने उद्देश्यका साथ मौजुदा विधान र नियमावलीलाई समयसापेक्ष परिमार्जन गरी सेवा प्रवाहमा सुधार ल्याइने रेडक्रसले जनाएको छ । रेडक्रसले आगामी फागुन २७ र २८ गते विधान अधिवेशन गर्ने तयारी गरेको छ । विसं २०२० भदौ १९ गते स्थापना भएका नेपाल रेडक्रस सोसाइटी मानवीय सेवाका क्षेत्रमा सरकारको सहयोगी निकाय र समुदायको नजिकको संस्थाका रुपमा रहेको छ। रेडक्रसले विपद् व्यवस्थापन तथा प्रतिकार्य, सामुदायिक स्वास्थ्य सेवा, रक्तसञ्चार, एम्बुलेन्स, आँखा स्याहार, पर्यावरणीय संरक्षण, जनचेतना अभिवृद्धि, अन्तर्राष्ट्रिय कानुनको प्रवर्द्धन, शान्ति र मानवीय मूल्यको प्रवर्द्धनलगायत मानवीय सेवाका कार्य गर्दै आइरहेको छ। नेपाल रेडक्रसका सात प्रदेश, ७७ जिल्ला शाखा, एक हजार पाँच सय ६४ उपशाखा तथा १० हजार आठ सय ३२ जुनियर युवा रेडक्रस सर्कलमा १२ लाख बढी स्वयम्सेवक आबद्ध छन् ।

# अत्यधिक चिसोले पठनपाठन बन्द

**रासस**
सिरहा, २५ पुस

विगत केही दिनदेखि बढेको अत्यधिक चिसोका कारण सिरहाका सामुदायिक विद्यालयको पठनपाठन बन्द हुन थालेको छ ।

शीतलहरसहितको चिसोका कारण विद्यार्थीको स्वास्थ्यमा असर परेकाले स्थानीय तहले विद्यालय बन्दको सूचना जारी गर्न थालेका छन् । गोलबजार नगरपालिकाले मङ्गलबार सूचना जारी गरी आजदेखि पठनपाठन बन्द गरिएको जनाएको छ । नगरपालिकाका शिक्षा शाखा अधिकृत सुबोधकुमार लामाका अनुसार बन्द विद्यालय आगामी माघ २ गतेदेखि खुल्ने छन् ।

त्यसैगरी लक्ष्मीपुर पतारी गाउँपालिकाले पनि आजदेखि लागू हुने गरी सूचना जारी गर्दै यहाँका सामुदायिक विद्यालय एक हप्ताका लागि बन्द गरिएको जनाएको छ ।

त्यस्तै नरहा गाउँपालिकाले पनि सूचना जारी गर्दै बिद्यालय बन्द गरिएको जनाएको छ । पछिल्लो केही दिनयता बाक्लो हुस्सु र शीतलहरको कारण तापक्रम घटेपछि तराईको जनजीवन प्रभावित भएको छ । चिसोका कारण विद्यालय आउने विद्यार्थी सङ्ख्या पनि ह्वात्तै हटेको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलतामन |
| कर्कट | : शारीरिक झमेला | मकर | : चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एमक्यापको म्याद पाँच वर्ष थपियो

पोखरापत्र संवाददाता
गोरखा, २५ पुस

भण्डै साढे तीन वर्षदेखिको अन्योलतापछि उत्तरी गोरखाको मनास्लु संरक्षण क्षेत्रको संरक्षणको जिम्मेवारी पाएको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाको म्याद थप भएको छ । आगामी पाँच वर्षसम्मका लागि कार्यालयको म्याद थप भएको हो । "गएको २०७७ असारदेखि म्याद थपको निर्णय नहुँदा कार्यालय रहने वा नरहने भन्ने अन्योलताका कारण समस्या हुँदै आएको थियो", एमक्यापका प्रमुख सन्तोष शेरचनले उहाँले भन्नुभयो, " मन्त्रिपरिषद्को यही पुस ५ गते बसेको बैठकले आगामी २०८५ असार मसान्तसम्म कायम रहने गरी म्याद थप गर्ने निर्णय गरेको जानकारी आएको छ, अब कार्ययोजना बनाएर काम गर्न सजिलो हुने भएको छ ।"

एमक्यापले मनास्लु क्षेत्रको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । म्याद थपसँगै चार महिनाभित्रमा व्यवस्थापन नियमावली तथा संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका संशोधन गरी पठाउन कार्यालयलाई निर्देशन आएको उहाँको भनाइ छ। "कार्यालयलाई संरक्षण क्षेत्रको व्यवस्थापन योजना र व्यवस्थापन नियमावली २०५३ तथा निर्देशिका, २०५६ संशोधन गरी पठाउन पनि निर्देशन आएको छ", प्रमुख शेरचनले भन्नुभयो, "हामीले त्यसको तयारी थालिसकेका छौं ।" कार्यालयले मनास्लु संरक्षण क्षेत्रभित्र रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रचार-प्रसारका साथै त्यस क्षेत्रमा घुम्न जाने पर्यटकलाई भ्रमण अनुमति दिँदै आएको छ । त्यस्तै त्यहाँ जाने पर्यटकबाट प्रवेश शुल्क उठाउने, त्यस क्षेत्रमा पाइने जडीबुटी बिक्री गर्न छुट पूर्जी दिने, सिफारिस गर्नेलगायतका काम कार्यालयबाट हुँदै आएको उहाँले बताउनुभयो । करिब एक हजार छ सय ६३ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको मनास्लु संरक्षण क्षेत्र उत्तरमा चीनको सिमाना र पश्चिममा अन्नपूर्ण संरक्षण क्षेत्रको सिमानासम्म फैलिएको छ। प्राकृतिक सुन्दरता तथा सांस्कृतिक सम्पदाले भरि पूर्ण मनास्लु संरक्षण क्षेत्र घुम्न जाने पर्यटकले चुम्घ्यालीतर्फ विश्वकै सर्वाधिक चर्चित शृङ्गी हिमाल, राजेन र मुगुम्बा अवलोकन गर्न पाउनेछन् । त्यस्तै नुब्रीभ्यालीतर्फ कल्छुमन (काल) ताल, विश्वको आठौं अग्लो मनास्लु हिमाल तथा वीरेन्द्र तालको अवलोकन गर्दै लार्केपास गरेर मनाङ पुग्न सक्छन् । योगाभ्यासका लागि पनि मनास्लु क्षेत्र विदेशी पर्यटकको मुख्य गन्तव्य बन्दै गएको छ । यी दुवै क्षेत्रमा हिमचितुवाका साथै नाउर, घोरल, डाँफे, मुनाल र चौंरीसँगको सामिप्यतामा पर्यटक रमाउन पाउँछन् । मनास्लु क्षेत्र प्राकृतिक हिसाबले मनोरम र सामरिक हिसाबले विशेष महत्व रहेको क्षेत्र भएकाले पनि विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको प्रमुख शेरचनले बताउनुभयो ।

विदेशी पर्यटकले यो क्षेत्रको भ्रमणका लागि प्रतिव्यक्ति रु तीन हजार शुल्क तिर्नुपर्ने व्यवस्था छ । निषेधित क्षेत्रका रूपमा रहेको मनास्लु क्षेत्रलाई सरकारले सन् १९९५ देखि पर्यटकका लागि खुला गरेको थियो। गएको एक वर्षको अवधिमा मात्र मनास्लु संरक्षण क्षेत्रमा नौ हजार एक सय ६६ जना विदेशी पर्यटक घुम्न पुगेका थिए। यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै हो ।

# बगरखोला जलविद्युत् आयोजनाको निर्माणस्थल परिवर्तन गर्न माग

रासस
म्याग्दी, २५ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७चिमखोलावासीले बगरखोला गाउँको स्वरुप नबिग्रने गरी जलविद्युत् आयोजना बनाउन माग गरेका छन् । रघुगङ्गा -७ चिमखोला भएर बग्ने बगरखोलामा मोना हाइड्रोपावर कम्पनीले पाँच दशमलव पाँच मेगावाट क्षमताको बगरखोला जलविद्युत् आयोजना निर्माण गर्ने तयारी गरेको जनाएको छ ।

रघुगङ्गा-७ ले मङ्गलवार आयोजना गरेको सर्वपक्षीय भेलाले गाउँ नजिक निर्माण गर्न प्रस्ताव गरिएको उक्त आयोजनाले वातावरणीय र प्राकृतिक स्वरूपमा समेत प्रतिकूल प्रभाव पार्ने निष्कर्ष निकालेको छ । साथै भेलाले यथास्थितिमा आयोजनालाई अघि नबढाउन माग समेत गरेको छ । गाउँकै नजिकबाट बग्ने खोलाको पानीलाई सुकाएर जलविद्युत् निर्माण गर्दा बगरखोलाको अस्तित्व समाप्त हुने र गाउँको फेदीतर्फ विद्युत् गृह बनाउँदा गाउँको प्राकृतिक स्वरुप बिग्रने भएकाले अहिले प्रस्तावित ठाउँमा आयोजनालाई बनाउन नदिने निर्णय गरेको वडाध्यक्ष थकबहादुर पाइजाले बताउनुभयो । उहाँका अनुसार गाउँको छेउमा रहेको धमाखु खेलमैदानदेखि माथि रहेको कुकुर भुक्ने स्थानतर्फ विद्युत्गृह रहनेगरी आयोजनालाई बनाउन स्थानीयले आयोजना प्रवर्द्धकहरूलाई सुझाव दिएका छन् ।

चिमखोलाको पाल्लेखेत गाउँको फेदीमा बाँध रहने यस आयोजनाको विद्युत्गृह चिमखोला गाउँभन्दा केही तल प्रस्ताव गरिएको थियो । मोना हाइड्रोपावर कम्पनीका अध्यक्ष चक्रबहादुर थापालगायत आयोजना प्रवर्द्धकको टोलीको सहभागिता रहेको उक्त सर्वपक्षीय छलफलमा स्थानीयवासीले प्रभावित क्षेत्रका सरोकारवालालाई जानकारी नदिइकन आयोजनाको नक्साङ्कन भएको जनाउँदै आपत्ति जनाएका थिए । कार्यक्रममा प्रवर्द्धक कम्पनीका अध्यक्ष थापाले बगरखोला जलविद्युत् आयोजनाको विद्युत् उत्पादन अनुमति लिएको कम्पनीले काम अघि नबढाएका कारण खारेजीको अवस्थामा पुगेपछि आफूहरूले सक्रियता जनाएर आयोजनालाई अघि बढाउन लागेको जानकारी गराउनुभएको थियो। उहाँले प्रवासी म्याग्देलीको नेतृत्वमा यस आयोजनालाई अघि बढाउन लागिएको बताउँदै आयोजना बनाउन सकरात्मक सहयोग गर्न स्थानीयवासीलाई आग्रह गर्नुभएको थियो। "प्रवासीहरूले जिल्लाको सामाजिक क्षेत्रमा वर्षौंदेखि सहयोग गर्दै आएका छौं, अब विदेशमा आर्जन गरेको पुँजीलाई लगानीका रूपमा भित्र्याउनुपर्छ भनेर यस आयोजनालाई अघि बढाउन जमर्को गरेका हौं, अन्य व्यक्तिले दर्ता गरेर अलपत्र परेको अवस्था पुनः पक्रिया पूरा गरेर मोना हाइड्रोपावरले आयोजनालाई अघि बढाउन लागेको हो", उहाँले भन्नुभयो ।

बगरखोला जलविद्युत् आयोजनाको हालै विद्युत् खरिद बिक्री सम्झौतासमेत भएको थियो। नेपाल विद्युत् प्राधिकरणसँग २०८३ फागुन महिनाभित्र विद्युत् उत्पादन गर्ने कार्ययोजनासहित बगरखोलाको प्रवर्द्धक मोना हाइड्रोपावरले हिउँदमा प्रतियुनिट आठ दशमलव ४० र बर्खामा चार दशमलव ८० प्रतियुनिटका दरले विद्युत् खरिद बिक्री गर्ने सम्झौता गरेको थियो ।

दुई किलोमिटर सात सय मिटर पेनस्टक पाइप लाइनबाट ल्याएको पानीबाट उत्पादन हुने विद्युत् रघुगङ्गा गाउँपालिका-३ मा निर्माणाधीन राहुघाट सबस्टेशनमार्फत केन्द्रीय प्रसारण लाइनमा जोडिने प्रस्ताव गरिएको छ ।

# नेपाली कागजको माग बढी, उत्पादन कम

पोखरापत्र संवाददाता
म्याग्दी, २५ पुस

म्याग्दीको मालिका गाउँपालिका-३ अधिवारामा सञ्चालित मालिका कागज उद्योगमा माघदेखि जेठसम्ममा दैनिक छदेखि ७ सय र असोजदेखि पुससम्ममा दैनिक तीनदेखि चार सय ताउसम्म नेपाली कागज उत्पादन हुन्छ ।

स्थानीय हाते प्रविधिबाट उत्पादन गरिने यस कागज उद्योगमा उच्च गुणस्तरको कागज उत्पादन हुने हुँदा विभिन्न ठाउँबाट माग आउने गर्दछ । तर स्थानीय कच्चा पदार्थ, कामदारको अभाव र विद्युत् आपूर्तिमा अनियमितताजस्ता कारणले उद्योगले मागअनुसारको कागज उत्पादन गर्न सकिएको छैन । उद्योगका सञ्चालक मोतिराज गौतमले कागजको बजारमा अत्यधिक माग हुँदा पनि मागअनुसारको उत्पादन गर्न नसकिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार बजारमा जापानिज प्रविधिबाट उत्पादित कागज स्थानीय हाते प्रविधिबाट बनाइएको कागजभन्दा सस्तो छ ।

गुणस्तरमा स्थानीय कागज, जापानिज प्रविधिको भन्दा ७५-८० प्रतिशत सुरक्षित र बलियो हुने भए पनि जापानिज प्रविधिको कागजसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता एकातिर छ भने अर्कातिर नेपाली कागज बनाउन प्रयोग हुने लोक्ताको सङ्कलन गर्न कानुनी प्रक्रिया पूरा गर्न पनि झन्झटिलो हुन्छ । लोक्ता सङ्कलन गर्न वनमा जाने र उद्योगमा काम गर्ने जनशक्ति नपाइनु अर्को समस्या हुने गरेको उहाँले बताउनुभयो ।

यस उद्योगमा समयानुसार विभिन्न साइजका कागजको माग हुने गर्छ । कार्यालय कागज, तमसुक कागज, १८-२० ग्रामको कागज, धुप निर्माण गर्ने छ-सात ग्रामको कागज, चिना निर्माणका लागि ४० ग्रामको कागजको माग बढी हुने गरेको उद्योग सञ्चालक गौतमले बताउनुभयो। "मागका आधारमा हालको उत्पादनले पूर्ति गर्न सकिएको छैन । विशेषगरी १८-२० ग्राम र छ-सात ग्रामको कागज माग बढी छ । त्योमाग पूरा गर्न सकिएको छैन", उहाँले भन्नुभयो। उद्योगमा चुनौती धेरै रहेका गौतमले सुनाउनुभयो । "नियमित कच्चा पदार्थ लोक्ता अभाव हुन्छ । बाह्रै महिना उत्पादन गर्न सकिँदैन । वर्षात् को समय र हिउँदमा पनि घाम नलाग्दा, पानी पर्दा उत्पादन गर्न सकिँदैन । जसका कारण कामदार टिकाउन समस्या हुन्छ", उहाँले भन्नुभयो ।

कामदारको अभाव, विद्युत्को अनियमितता, उपकरण फ्रेम मर्मतसम्भार, विद्युत्बाट लोक्ता (कागज बनाउन प्रयोग गरिने कच्चा पदार्थ) पकाउँदा हिटरको रड बढी जल्नेजस्ता समस्याले उद्योगको क्षमताअनुसार कागज उत्पादन गर्न नसकिएको उहाँको भनाइ छ। उद्योगको दैनिक एक हजार दुई सयदेखि एक हजार पाँच सय ताउसम्म कागज उत्पादन गर्नसक्ने क्षमता छ ।

स्थानीय प्रविधिबाट नेपाली कागज उत्पादन गर्दा उत्पादन खर्च अत्यन्त महँगो भए पनि जिल्लाको पहिचान र स्थानीय उत्पादनको संरक्षणका लागि आफूले यो उद्योगलाई निरन्तरता दिइरहेको उहाँले बताउनुभयो । स्थानीय तह र सम्बन्धित निकायबाट सहयोग हुने, उद्योगमैत्री वातावरण मिल्ने र डिभिजन वन कार्यालयले कागज बनाउन प्रयोग गरिने कच्चा पदार्थ लोक्ताको सङ्कलन गर्न सरल नीति बनाइदिने हो भने म्याग्दीमा नेपाली कागज उद्योगको राम्रो सम्भावना रहेको उहाँले बताउनुभयो ।

"अहिले उत्पादन खर्च नै बढी छ, तर पनि उद्योगलाई निरन्तरता दिइरहेको छु", उहाँले भन्नुभयो । उद्योगमा अहिले प्रत्यक्ष चारजना र अप्रत्यक्ष १० जनाले रोजगारी पाइरहेका छन् । म्याग्दीको माथिल्लो पहाडी भेग (तीन हजारदेखि तीन हजार दुई सय मिटरको उचाइ)मा पर्ने लेकाली सरकारी तथा सामुदायिक वनमा प्रशस्त बरुवा (लोक्ता) का बोट छन् । तर त्यसबाट लोक्ता (पुवा) निकाल्ने कामदारको अभाव छ। उद्योग, कामदार र खेर जाने यस्ता वन पैदावारलाई प्रोत्साहन गर्न कतैबाट पहल नभएको उहाँको गुनासो छ । जङ्गलमा बरुवा जातको (लोक्ता) बुट्यान वनस्पति खेर गइरहेको छ । तर वन डिभिजन कार्यालयले सङ्कलनका लागि अनुमति दिँदैन । अनुमति दिएपछि पनि बरुवा जातको वनस्पतिबाट लोक्ता (बोक्रा) निकाल्ने, त्यसलाई सफा गर्ने, सुकाउने काम अत्यन्त झन्झटिलो हुँदा कामदार पाउन मुस्किल हुने गरेको उहाँले बताउनुभयो ।

विसं २०७५ मा स्थापना भएको यस उद्योगले अहिले कार्यालयमा चाहिने 'एफोर' साइजको कागज उत्पादन गर्न थालेको छ । कागजको माग बेनी, बागलुङ, पोखरा, काठमाडौं, चितवनलगायतका सहरबाट आउने गरेको र एउटा मात्र उद्योग भएका कारण माग भन्दा उत्पादन गर्न नसकेको गौतम बताउनुहुन्छ । उद्योगमा नेपाली कागजका अतिरिक्त नोटबुक, फाइल, हलुका र रङ्गीन वस्तु पनि निर्माण गर्ने गरिएको छ । जिल्लाको अन्नपूर्ण गाउँपालिकाको नागी, धवलागिरिको लमसुङ, रघुगङ्गाको पाखापानीमा रहेका नेपाली कागज उद्योग अहिले बन्द अवस्थामा छन् । तर ती उद्योग सञ्चालनका लागि स्थानीय सरकार र सम्बन्धित निकायले सहयोग नगरेको सञ्चालक गौतमको भनाइ छ ।

# कृषिमा आत्मनिर्भर बन्दै म्याग्दीका महिला

रासस
म्याग्दी, २५ पुस

पछिल्लो समय म्याग्दीको कृषि क्षेत्रमा महिलाको सहभागिता बढ्देसँगै यहाँका महिला आत्मनिर्भर बन्दै गएका छन् । युवा तथा पुरुष वैदेशिक रोजगारका लागि विदेशिने क्रम बढ्दै गएपछि यहाँको कृषि क्षेत्रमा महिला र प्रौढ पुरुषको सहभागिता बढ्दै गएको हो ।

म्याग्दीको ग्रामीण क्षेत्रमा पछिल्लो समय व्यावसायिक खेती गर्ने महिलाको सङ्ख्या बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको कूल खेतीयोग्य जमिनको ६९ प्रतिशत जमिनमा परम्परागत र व्यावसायिक खेती गरिएको छ ।

एक नगरपालिका र पाँच गाउँपालिका गरी छ स्थानीय तह रहेको म्याग्दीका मालिका, मङ्गला र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिकाका महिला व्यावसायिक तरकारी तथा फलफूल खेतीमा लागेका केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार अन्नपूर्ण र धौलागिरि गाउँपालिकाका अधिकांश महिला व्यापार/व्यवसाय र पशुपालनमा छन् ।

राम्रोसँग उज्यालो हुन नपाउँदै घर नजिकैको तरकारी बारीमा पुग्नुहुन्छ राधिका सापकोटा । उहाँले दरबाङ बजारको पूर्वतर्फ रहेको भिरालो जमिन र पाटोबारीमा बन्दा, गोभी, साग, गोलभेडालगायत तरकारी लगाउनुभएको छ । बारीमा पुगेर तरकारी टिप्ने र बिक्रीका लागि बजारसम्म लैजाने व्यवस्था आफैले मिलाउने गरेको सापकोटाले बताउनुभयो । उता मङ्गला गाउँपालिकाकी जुना कँडेलको दिन पनि तरकारीको स्याहार, सम्हार र गोडमेलमै बित्ने गर्छ । मालिका गाउँपालिका-५ की देवी सिउथानी र बेनी नगरपालिका-३ की टीकाकुमारी पुनको दैनिकी पनि सुन्तला टिप्न र बिक्री गर्नमा व्यस्त देखिनुहुन्छ । व्यापारी गाडी लिएर सुन्तला खरिद गर्न गाउँमा नै आएपछि यतिबेला म्याग्दीका सुन्तला किसानलाई टिप्न र बिक्री गर्न भ्याइनभ्याइ छ । यी त केही उदाहरण मात्रै हुन् ।

मालिका-१ निस्कोटकी रुपा सुनारले यसवर्ष आलु, सिमी, कोदो र सुन्तला बिक्री गरेर रू एक लाख ९० हजार आम्दानी गरेको बताउनुभयो । उहाँका श्रीमान् वैदेशिक रोजगारीका लागि तीन वर्षदेखि मलेसियामा हुनुहुन्छ । आफूले फलफूल, तरकारी र अन्न कृषिबाट उत्पादित वस्तु बिक्री गरेको पैसाले घरखर्च, छोराछोरीको पढाइ र अन्य घरायसी आउने काम खर्च गर्ने गरेको उहाँले जानकारी दिनुभयो । श्रीमानुले विदेशमा कमाएको पैसा बचत हुनेगरेको उहाँको भनाइ थियो ।

पछिल्लो समय जिल्लाका महिला तरकारी, फलफूल र पशुपालनमार्फत स्वावलम्बी बन्दै गएका मालिका गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी घर्ती मगरले बताउनुभयो । जिल्लाका स्थानीय तहका कृषि शाखाका अनुसार म्याग्दीमा पछिल्लो समय कृषि पेसालाई नै आम्दानीको माध्यम बनाउने र व्यावसायिक रूपमा कृषि पेसामा लाग्ने महिलाको सङ्ख्या बढेको छ । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले गाउँमा खेतीपाती गरेर जीविकोपार्जन गर्ने महिलाको सङ्ख्या बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार अधिकांश पुरुष वैदेशिक रोजगारीमा जाने भएकाले स्वभाविक रूपमा कृषिमा पनि पुरुषको तुलनामा महिलाको संलग्नता बढी हुने गरेको हो । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'राष्ट्रिय कृषि गणना-२०७८' अनुसार पछिल्लो १० वर्षमा कृषिमा लाग्ने महिलाको सङ्ख्या १३ प्रतिशतले बढेको छ भने पुरुषको सङ्ख्या घटेको छ। उमेर समूहका हिसाबले ५४ वर्षमुनिका किसानको संलग्नता पनि घट्दै गएको जनाइएको छ।

कृषिमा युवाको सङ्ख्या घट्नुको कारण रोजगार र अध्ययनको सिलसिलामा विदेशिनु रहेको राष्ट्रिय कृषि गणनाको तथ्याङ्कमा उल्लेख छ। "युवा विदेशिएपछि त्यसको असर कृषिमा देखिएको हो। युवा जनशक्ति विदेशिएसँगै कृषि क्षेत्रमा महिला र प्रौढहरूको सङ्ख्या बढ्नु बाध्यात्मक परिस्थितिको उपज हो", रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले भन्नुभयो । म्याग्दीमा पछिल्ला समय व्यावसायिक खेतीमा महिलाको सहभागिता आशा लाग्दो गरी बढेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख बाँस्तोलाले बताउनुभयो । उहाँका अनुसार अनुसार विगत १० वर्षको तुलनामा जिल्लामा फलफूल र तरकारी उत्पादन २० प्रतिशत भन्दा बढीले वृद्धि भएको छ भने यसबाट महिलाको आम्दानी पनि बढेको छ। जिल्लामा ५५ प्रतिशतभन्दा बढी टुक्रे जग्गा भएकाले कृषिमा लाग्ने परिवारको सङ्ख्या बढेको जनाउँदै बाँस्तोलाले कृषियोग्य जमिन भने घटेको बताउनुभयो। जमिनको कित्ताकाट र किसानको परिवार बढेको देखिएको उहाँको भनाइ थियो ।

"महिला र प्रौढ उमेरका पुरुष मात्रै खेतीपातीमा छन् । युवा पुस्ताको आकर्षण कम छ", जिल्लाका अगुवा किसान चन्द्रबहादुर कार्कीले भन्नुभयो । २०६८ को कृषि गणनाअनुसार २५ वर्षभन्दा मुनि उमेर समूहका मुख्य किसानको हिस्सा चार दशमलव दुई प्रतिशत थियो भने २०७८ सम्म आइपुग्दा यो उमेरका मुख्य किसानको हिस्सा एक दशमलव छ प्रतिशतमा झरेको छ । एक दशकमा २५ देखि ३५ वर्ष उमेर समूहका किसान २२.१ प्रतिशतबाट घटेर १२.९ प्रतिशतमा झरेको छ। त्यस्तै, ३६ देखि ४६ वर्ष उमेर समूहका किसानको सङ्ख्या पनि घटेको गणनाले देखाउँछ ।

जिल्लामा पछिल्लो समय खाद्यान्न बालीमा भन्दा नगदेबालीमा आकर्षण बढेको देखिएको छ। तरकारी, फलफूल, बेमौसमी खेती जस्ता तत्काले आयआर्जन हुने खेतीमा यहाँका महिलाको आकर्षण बढेको कृषि प्राविधिकले बताएका छन् । गाउँमा पुरुष कृषि मजदुर पाउन कठिन हुन लागेको बेनी नगरपालिका-२ का क्षेत्रबहादुर कटुवालले बताउनुभयो । "गाउँमा काम गर्न सक्ने उमेरका पुरुष नै छैनन् । सबै अध्ययन र रोजगारीका लागि विदेश वा सहरतिर छन्। यहाँको कृषि क्षेत्र महिलाको बलबुतेमा थामिएको छ", उहाँले भन्नुभयो ।

## मानिस हराएको सूचना



कास्की पो.म.न.पा. वडा नं. ११ फुलबारी बस्ने वर्ष ६६ को बिर बहादुर गुरुङ भन्ने कुमानसिं नेपाली मिति २०७१/०४/१० गते देखि हराएको भनि ऐ.ऐ. बस्ने वर्ष ५९ की निजको श्रीमती लिला गुरुङ भन्ने लिला नेपालीले मिति २०८०/०८/०१ गते खोजतलास गरी पाउ भनि यस जिल्ला प्रहरी कार्यालय कास्कीमा निवेदन दिएकोमा खोजतलास गर्ने क्रममा निज बिर बहादुर गुरुङ भन्ने कुमानसिं नेपाली हालसम्म पनि कही कतै फेला नपरेको हुदाँ फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क नं. ९८०९२५६३७१, ९८०६६७०२९९**
**पोखरा-११, कास्की**